# छत्रकोट गाउँपालिका
## गुल्मी

## आ.व. ०७५/०७६ को नीति तथा कार्यक्रम

सम्पूर्ण सभासदहरु,

आमन्त्रित अतिथि एवं सहभागीहरु

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नेपालको संविधानले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहको सरकार मध्ये स्थानीय तहको सरकार छत्रकोट गाउँपालिका गुल्मीको दोस्रो गाउँसभामा उपस्थित भएका छौं।

यस घडिमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाल्याउन योगदान पुऱ्याउने सम्पूर्ण शहीदहरुलाई सम्मान गर्दै भावपूर्ण श्रदान्जली टक्र्याउँदैहाम्रा सम्पूर्ण अग्रजहरु सम्पूर्ण नेताहरु प्रति सम्मान व्यक्त गर्दछु।

संविधानबाट प्राप्त अधिकार अनुसूची ८ मा भएको संवैधानिक व्यवस्था अनुरुपका २२ प्रकारका स्थानीय तहको अधिकार अनुरुप सरकारको नीति, ऐन नियम बनाउने, योजना तर्जुमा एवं बजेट व्यवस्था गर्ने जिम्मेवारी हामी स्थानीय तहको सरकार हो। संविधानले निर्दिष्ट गरे अनुरुपको कार्य गर्ने हाम्रो कर्तव्य हो। सम्पूर्ण छत्रकोटबासीमा सुशासनको प्रत्याभूति गराउने, जनताको सुख र समृद्धिको लागि योजनाबद्ध ढंगले अगाडी बढ्नका लागि नीति र सोही अनुरुपको कार्यक्रम  कार्यान्वयन गर्ने अभियानमा आज हामी निर्वाचनको परिणाम घोषणा भएको मिति ०७४।३।२१ देखि ३५४ दिनको अवधि पार गरेका छौं।

समृद्ध र नमूना छत्रकोटको परिकल्पना गरी प्रतिवद्धताका साथ प्रथम गाउँसभाबाट पारित निती अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा छत्रकोट गाउँपालिकाका सबै जन प्रतिनिधिहरु कर्मचारी र छत्रकोटवासी सम्पूर्ण जनताहरु सरोकारवाला सबैबाट प्राप्त पूर्ण सहयोग र तत्परताका लागि सम्पूर्ण प्रति म प्रशंसा र सम्मान गर्दछु।

आ.व ०७४।०७५ को संशोधित अनुमान समेतको अवस्था र अनुभवलाइ आधार मान्दै ०७५।०७६ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यस दोस्रो सभामा उपस्थिति भइरहँदा सम्मानित प्रथम गाउँ सभाको मार्गदर्शन अनुसार अगाडी बढ्दै जाँदा छत्रकोट गा.पा ले थप अगाडी बढ्ने क्रममा/समग्रतामा सही दिशा पक्री सकेको छ भन्न पाउँदा म गौरावान्वित छु।

आ.व. ०७५।०७६ को निती तथा कार्यक्रम यस सभामा प्रस्तावित गर्दछु।

प्रस्तावित निति र कार्यक्रम कार्यान्वयन गर्न मूलत भूगोल र कृषि उत्पादनमा आधारित रहि छत्रकोट गा.पा लाई २८ ब्लक स्तरमा विभाजन गरिएको र सोही अनुसार ब्लकले कार्य निरन्तरता पाउने छ।

| क्र.स. | वडा नम्बर | ब्लक संख्या |
|---|---|---|
| १ | १ नम्बर वडा, हुँगा | ५ |
| २ | २ नम्बर वडा, पल्लिकोट | ६ |
| ३ | ३ नम्बर वडा, हर्दिनेटा | ४ |
| ४ | ४ नम्बर वडा, दिगाम | ४ |
| ५ | ५ नम्बर वडा, खर्ज्याङ | ५ |
| ६ | ६ नम्बर वडा, दौंघा | ४ |
| | कुल ब्लक संख्या | २८ |

हामीले सारेको छत्रकोट भिजन यथावत रही यसलाई अझै बढी व्यवहारमा लागू गर्दै लगिने छ।

**विषयक्षेत्रगत नीति तथा कार्यक्रमहरु :**

**१.स्वास्थ्य :**

- **गा**उँपालिकास्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक स्वास्थ्य सेवाको सञ्चालन गरिने छ ।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृतको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रबर्द्धन गरिनेछ ।
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोगमा नियन्त्रण तथा सचेतना अभिबृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य वीमा कार्यक्रम लागू गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।
- स्वास्थ्य सँस्थाको नियमन र अनुमति प्रदान गरिने छ । आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक कार्य अगाडी बढाइने छ ।
- **"असहाय स्वास्थ्य उपचार सहायता कोष**"को स्थापना गरी सकिएको छ यसलाई निरन्तरता दिइने छ । यस्तो कोषमा जुनसुकै व्यक्ति, सँस्थाले सहयोग गर्ने विद्यमान व्यवस्था कायम रहने छ ।
- सुगर र ब्लड प्रेसरका विरामीलाई लक्षित गरी **"गाउँपालिका सुगर प्रेसर पहिचान र न्यूनीकरण कार्यक्रम"**कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- पूर्ण सँस्थागत सुत्केरी (No Home Delivery) गाउपालिका बनाउने नीति यथावत छ । यसका लागि सवै स्वास्थ्य सँस्थामा वर्थिङ सेन्टर स्थापना गरी घरमै सुत्केरी हुने प्रचलनलाई अन्त्य गर्दै सँस्थागत सुत्केरी हुने व्यवस्था मिलाइने छ । आगामी २ वर्ष भित्र (No Home Delivery ) गा.पा घोषणा गरिनेछ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन गर्भवति झण्डा एवं पोषण कार्यक्रम संचालनको निरन्तरता रहने छ ।
- स्वास्थ्य सँस्थाहरुको भौतिक पक्षमा सुधार तथा कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई थप सुदृढ पारिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई मासिक प्रोत्साहन रकम (Incentive Money) प्रदान गर्ने कार्यक्रमले निरन्तरता पाउने छ ।
- स्वास्थ्यकर्मीको माध्यमद्वारा विद्यालय र समुदायमा स्वास्थ्य सन्देश प्रवाह गर्ने व्यवस्था यथावत रहने छ ।
- स्वास्थ्य विमा लागू गरिनेछ ।
- सामुदायिक स्वास्थ्य इकाई थप्दै थप सुविधा विस्तार गरिने छ ।

**२. शिक्षा**

- प्रारम्भिक वालशिक्षा तथा विद्यालय शिक्षा सम्बन्धी नीति, कानून मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन , संचालन अनुमति, परीक्षा संचालन, व्यवस्थापन र नियमन गरिनेछ ।
- गाउँपालिका स्तरमा "गाउ शिक्षा समिति" र "शिक्षा सल्लाहकार बोर्ड" गठन गरिने छ ।
- शिक्षा क्षेत्रको समग्र गुणस्तरको तिव्र सुधार गर्दै प्राविधिक शिक्षालाई विशेष जोड दिइने र कम्तीमा एक माध्यमिक विद्यालयबाट प्राविधिक शिक्षा दिनको लागि प्रकृया शुरु गरिनेछ । सूचना प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्राथमिकता दिइने छ ।
- प्रत्येक माध्यमिक विद्यालयमा पुस्तकालयको व्यवस्था गरिने छ ।
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारमा विशेष ध्यान दिइने छ ।
- अङग्रेजी र नेपाली दुवै माध्यमबाट शिक्षण सिकाइको लागि आवश्यक व्यवस्था मिलाउदै जाने नीति लिइने छ ।
- गाउपालिका, वडा तथा शैक्षिक सँस्थाहरुमा इ एटेन्डेन्स प्रणालीको प्रारम्भ गरिएको र नपुग मा समेत व्यवस्था गरिने छ ।
- विद्यालयको भौतिक पक्षको सुधारमा विशेष ध्यान दिइने छ ।
- शिक्षाको गुणस्तर वृद्धि र व्यवस्थापनमा सहयोग गर्न शिक्षा प्रेमि, शिक्षाविद, प्राज्ञ, विश्वविद्यालयका विद्यार्थिहरु आदिलाई स्वेच्छिक स्वयं सेवा गर्ने अवसर प्रदान गरिने छ ।

- गाउँपालिका र विद्यालय वीच शैक्षिक गुणस्तर अभिवृद्धि एवं भौतिक संरचनागत पक्ष समेतको व्यवस्थापन र नियमन गर्न गरिएको ५१ बुँदाको प्रतिवद्धतालाई व्यवहारमा लागू गर्ने नीति अवलम्बन गरिने छ ।
- सीमान्तकृत र विपन्न कुमाल, बोटे, मुश्लिम, दलित, उत्पिडित समुदाय र शिक्षाबाट बञ्चित भएका वालवालिकालाई पढाइ लेखाइको लागि थप उपयुक्त वातावरण सृजना गरिने छ ।
- उत्कृष्ट कार्य गर्ने विद्यालय व्यवस्थापन समिति, प्रधानध्यापक, शिक्षकहरुको कार्यउत्प्रेरणा बढाउने कार्य गरिने छ । साथै पुरस्कार र दण्ड को नीतिलाई कडाइका साथ लागु गरिने छ ।
- शिक्षक, कर्मचारी दरवन्दी सृजना मिलान गर्ने कार्य अगाडि बढाइने छ ।
- तोकिएको विद्यार्थी संख्या नपुगेका विद्यालयलाई दुर्गमता समेतको अवस्थालाई ध्यान पूऱ्याई गाभिने छ ।
- ऐन कानून नियमावली कार्यविधि बनाउँदै लगिने छ ।

## ३. खानेपानी तथा सरसफाई

- गाउँपालिका भित्रका प्रत्येक घरका भान्सा/भान्सामा चार वर्ष भित्र सफा खानेपानी पुऱ्याउनका लागि यो आ.व. ०७५।०७६ मा खानेपानी व्यवस्था गर्न विशेष वर्ष (पानी वर्ष) को रुपमा कार्य गरिनेछ ।
- आगामी पचास बर्ष सम्मलाई पर्याप्त पानी पुग्ने गरी व्यवस्था गर्न थप सम्भावित मूहानहरु हेरी डि पी आर तयार गरिने छ ।
- खानेपानीका योजनाहरु संचालन गर्दा आवश्यकताको आधारमा सहलगानीको नीति लिइने छ ।
- सुख्खाग्रस्त क्षेत्रको रुपमा पहिचान भई वुछुङ्दी चिसापानी लिफ्टीङ खानेपानी योजना छत्रकोट ५ को प्रारम्भिक सर्भे भइसकेको छ सहलगानीको नीति अनुरुप समपूरक कोषको व्यवस्था गरी कार्य अगाडी बढाइने छ ।
- पानीका मुहान र स्रोत संरक्षणमा विशेष ध्यान दिइने छ ।
- मापदण्ड पुरा गरेका वडाहरुलाई पूर्ण सरसफाइयुक्त वडा घोषणा गर्दै अन्तत छत्रकोट गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाइनेछ ।
- प्रत्येक घर परिवारलाई आफ्नो फोहर र बलेनी पानीको  आफै व्यवस्थापन गर्न उत्प्रेरित गरिने छ ।

## ४. कृषि :

- अधिकांस नागरिकले कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेको यस गाउँपालिकामा परम्परागत र निर्वाहमूखि खेति प्रणालीलाई आधुनिक कृषि प्रणाली तर्फ उन्मूख गर्दै कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक बृद्धि गरी कृषिजन्य उत्पादनको आयातलाई न्युनीकरण गर्दै  निर्यात बढाई कृषकको आय आर्जनमा बृद्धि गर्ने नीति अबलम्बन गरिने छ ।
- कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्दै निश्चित मापदण्डको आधारमा व्यवसायिक किसानहरुलाई क्रमस “क”, “ख” र “ग” वर्गमा बर्गिकरण गरी सहयोग र प्रोत्साहित गर्ने नीति लिइने छ ।
- उत्कृष्ट किसान (क वर्ग) को मापदण्ड पुरा गर्ने किसानलाई “किसान पेन्सन” को व्यवस्था गरिनेछ । क्रमशः ‘क’ हरियो, ‘ख’ निलो, र‘ग’ पहेलो कार्ड किसानलाई दिइनेछ, किसानको उमेर, उत्पादन कार्यमा लाग्ने उमेर, उत्कृष्ट बन्न गर्नुपर्ने उत्पादन र अन्य मापदण्ड बनाइएको छ ।
- गाउँपालिकाका प्रत्येक विकास ब्लकलाई नामाकरण गरिएको छ । र यसलाई लागू गरिनेछ । कृषि पहिचान ब्लकको रुपमा समेत विकास गर्दै लगिनेछ ।
- कृषि प्रसार सम्बन्धी स्थानीय नीति, योजना, कानून, मापदण्ड निर्धारण गरी त्यसको कार्यान्वयन र नियमन गरिने छ ।
- कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सहायता, सीप विकास र सशक्तिकरण गरिनेछ ।
- कृषि बीउविजन, मल र औषधिहरुको आपूर्ति र नियमन गरिनेछ । व्यवसायिक कृषकहरुलाई आधुनिक औजारहरु उपलब्ध गराउँदै लगिनेछ ।
- अर्गानिक खेतिलाई प्रोत्साहित गरिनेछ ।
- छत्रकोट ५ मा “ढुंगे देउराली वागवानी” का लागि वजेट विनियोजन गरी कृषकहरु समेतको सहभागितामा वागवानी संचालन कार्यविधि बनाई वागवानीको कार्य प्रारम्भ गरिने छ ।

- कृषि विमा कार्यक्रम लागु गरिने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमलाई कृषि पकेट क्षेत्र र ब्लक विस्तार गरी विस्तृतीकरण गर्ने नीति लिइने छ ।

**५.सिंचाई**

- सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिने छ ।
- सिंचाई प्रणालीको निर्माण, संचालन र व्यवस्थापन गरी उपभोक्ताहरुसंगको सहकार्यमा मर्मत संभारको व्यवस्था मिलाइने छ ।
- परम्परागत ढंगले सिंचित भइ आएका जग्गाहरुको कुलाको व्यवस्थापन गर्दै नयाँ सम्भाव्य योजनाहरुको पहिचान गरी अगाडि बढिने छ ।
- सिंचाई क्षेत्रका साना मझौला र वृहत सिंचाई योजनाहरुको बर्गिकरण गरी व्यवस्थापन गर्ने नीति लिइने छ ।
- रिडी खोला, बडिघाट खोलाबाट सतह तथा लिफ्ट सिंचाई हुन सक्ने स्थानहरुको पहि्चान गरी सिंचाई सुविधा पुर्‍याइने छ ।
- बडिघाट खोलाको पानी वृहत लिफ्ट सिंचाइ प्रणालीबाट पल्लिकोटको कोटडाडा भन्ने ठाउमा ल्याइ छत्रकोट गाउपालिकाका एक देखि पाँच नम्बर सम्मका सवै वडा र छ नम्बर वडाका समेत केही भाग सिंचित हुने गरी सिंचाइ प्रणालीको लागि सम्भाव्यता अध्ययन कार्य अगाडी बढाइने छ । यो सिंचाई प्रणालीबाट छिमेकी गुल्मीदरवार र रुरु गाउँपालिकाका धेरै भुभाग समेत सिंचित हुने छ । यसका लागि सम्बन्धित गाउँपालिका संग समेत सहकार्य र समन्वय गरिने छ । साथै छ नं वडाका वाँकी भुभागको लागि बैकल्पिक सिंचाई प्रणालीलाई संगसंगै अगाडी बढाइने छ ।

**६.सडक, यातायात**

- गाउपालिका भित्रका सवै स्थानमा सडक संजालको विस्तार गरिने छ । आ.व. ०७४।०७५ को प्रथम गाउँ सभा बाट ताग्लो ताग्लोमा मोटर बाटो पुर्‍याउने नीति लिइएअनुसार धेरै स्थानमा पुगी सकेको छ नपुगेको ताग्लोमा ०७५।०७६ मा मोटर बाटो पुर्‍याइने छ ।
- गाउपालिका भित्र सडकको वर्गिकरणनिम्नानुसार मापदण्डमा निर्धारण गरीसकिएकोले यसै अनुसारका सडकहरु निर्माण गर्दै लगिने छ ।
  क) स्थानीय सडक - ४ मीटर चौडाई
  ख) ग्रामीण सडक - ५ मीटर चौडाई
  ग) गाउपालिका सडक - ६ मीटर चौडाई
  घ) अन्तर गाउपालिका सडक - ८ मीटर चौडाई
- गाउपालिका भित्र पर्ने तान्सेन रिडी तम्घास मोटरवाटो र रिडी खर्ज्याङ बल्कोट मोटरवाटोका खण्डहरु स्वत: नेपाल सरकारको मापदण्ड बमोजिम संचालित भैरहेका छन् ।
- गाउकार्यपालिका कार्यालयदेखि सवै वडा कार्यालय सम्म पुग्ने मोटर बाटोको ग्रेड सुधार तथा स्तरोन्नति गरिने छ र यस्ता सडक हरुलाई क्रमस कालोपत्रे गरिने नीति लिइने छ । साथै वडाहरुवाट गाउपालिका केन्द्र सम्म आउने जाने कार्यलाई सहज र व्यवस्थित बनाउन यातायात रुट निर्धारण गरिने छ ।
- छत्रकोट चक्रपथ निर्माणको लागि यसै वर्ष बजेट विनियोजन गरी अध्ययन, सर्वेक्षण एवं निर्माण कार्य प्रारम्भ गरिने छ । यसको मापदण्ड ६ मीटर हुनेछ ।
- दुर्घटना न्यूनिकरण गर्दै छत्रकोट गाउपालिकालाई शुन्य दुर्घटना क्षेत्र बनाइने छ । यसको लागि सडकहरुको सुदृढिकरण गर्ने, प्राविधिक हिसावले उपयुक्त सवारी साधनहरुको संचालन गर्ने र व्यवसायी, चालक तथा सहचालकलाई आवश्यक अभिमुखिकरण गरिने छ र ट्राफिक नियमका होडिङ बोर्डहरु राखिने छ ।

**७.सेवा प्रवाह**

"सेवाको वरिपरि जनता होइन जनताको वरिपरि सेवा हो ।"

- पारदर्शिता, जवाफदेहिता, सहभागिता र कानूनको शासन जस्ता सुशासनका आधार स्तम्भहरुको आधारमा सेवा प्रवाहको प्रवन्ध मिलाइने छ।
- नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, घुम्ती सेवा, विद्युतिय शासन जस्ता सेवा प्रवाहका नविनतम आयामहरुलाई अधिकतम प्रयोगमा ल्याइने छ।
- सँस्थागत क्षमता अभिवृद्धि र क्षमता विकास कार्यक्रम मार्फत सेवा प्रवाहलाई थप गुणस्तरीय बनाइने छ।
- गाउपालिका भित्र रहेका संचारमाध्यमबाट आवधिक रुपमा गाउपालिका सम्बन्धि कार्यक्रम उत्पादन गरी प्रसारण गर्न व्यवस्था मिलाइनेछ।

## ८.पशुपालन र पशु स्वास्थ्य

- उन्नत जातका पशुपालन गरी कृषकको आय आर्जनमा वृद्धि गर्ने नीति लिइने छ।
- व्यवसायिक पशुपालनको मापदण्ड निर्धारण गरी उत्प्रेरणा अनुदान र सहजीकरण गर्ने कार्य प्रारम्भ भइसकेको छ। यस कार्यलाई विस्तार गर्ने नीति लिइने छ।
- पशु विमा कार्यक्रम लागु गरिने छ।
- पशुपालक किसानहरुलाई क्रमस “क”, “ख” र “ग” वर्गमा बर्गिकरण गरी सहयोग र प्रोत्साहित गर्ने नीति लिइने छ। अन्य कुराको हकमा कृषि नीति अनुसार हुने छ।
- कृषक पेन्सन लागू गरिने छ।

## ९.लक्षित वर्ग

- महिला, वालवालिका, दलित, विपन्न वर्ग , आदिवासी जनजाति, अल्पसंख्यक, (वोटे, माझी, कुमाल, मुस्लिम) लगायतका लक्षित वर्गको लागि विशेष कार्यक्रम(चेतना अभिबृद्धि, आय आर्जन आदि) बनाई लागु गरिने छ।
- बालमैत्री तथा अपाङ्गमैत्री कार्यक्रम ल्याइने छ।
- एकल महिला लाई सहयोग गर्ने निती लिईने छ। कार्यविधि वनाई लागू गरिनेछ।
- दलित समुदायका परम्परागत पेशा संरक्षण, प्रोत्साहन तथा आधुनिकीकरण कार्यको प्रारम्भ गरिएको छ र यसलाई निरन्तरता प्रदान गरिने छ।
- विपन्न परिवारका नवजात शिशुलाई आधार वर्ष ०७४।०७५ मानेर बच्चा जीवन विमा प्रारम्भ गरिने छ।
- बैदेशिक रोजगारीमा गएर घरमा फर्किदा कतिपय पुरुषहरुको जिवन साथीसँग सम्बन्ध विच्छेद हुने स्थीति पैदा हुनु र आर्जित सम्पत्तीका कारण समेत विवाद हुने क्रम बढ्दो अवस्थालाई न्यूनिकरण गर्ने नीति लिइने छ।
- बैदेशिक रोजगारीमा गएर फर्कने व्यक्तिहरुका कारण एचआइभी संक्रमित भइरहेको संकेतहरु देखिएका छन्। त्यसैले सम्बन्धित व्यक्तिहरुले ल्याव परिक्षण गर्नुपर्ने नीति ल्याइनेछ।

## १०.युवा तथा खेलकुद

- युवा लक्षित कार्यक्रम र युवा रोजगारीलाई विशेष ग्राह्यता दिई कार्यक्रम बनाई अगाडी बढाइने छ।
- आ.व. ०७४।०७५ को निति अनुसार गाउपालिकाका सवै वडाहरुमा खेलको लागि खेलकुद मैदानहरु निर्माण गरिएको छ र आगामी वर्षमा थप आवश्यक मैदानको निर्माण, स्तरोन्नती र संरक्षण गरिनेछ।
- गाउँपालिकाको उपयुक्त स्थानमा खेलकुद कवर्ड हल निर्माण गरिने छ।

## ११.संचार

- गाउपालिका भित्रका संचार माध्यमलाई प्रेरणा र संरक्षणको नीति लिइने छ।
- निश्पक्ष र तथ्यपरक रुपमा सूचना पाउने नागरिकको अधिकारलाई सुनिश्चित गरिने छ।
- उत्पादनमुलक आयआर्जन तथा जीवनस्तर वृद्धि गर्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ।
- गाउपालिका क्षेत्र भित्र ल्याण्डलाइन टेलिफोन सेवाको लागि गा.पा. कार्यालयको क्षेत्रमा सर्भे भइसकेको छ।आगामी वर्ष सो कार्यान्वयन गर्नुका साथै सेवा विस्तारका लागि थप प्रयत्न गरिने छ।साथै हरेक सरकारी कार्यालयमा ल्याण्डलाइन टेलिफोन सेवापुऱ्याउने कार्यलाई प्राथमिकताका साथ अगाडी वढाइने छ।
- सञ्चार नेटवर्क राम्रो सँग नटिप्ने स्थानमा नेटवर्कको स्तर वृद्धि गर्न आवश्यक कार्यारम्भ गरिने छ।

- गाउपालिकाका विभिन्न स्थानहरुमा वाइ फाइ जोनको व्यवस्थापन गरी सूचना तथा संचार प्रविधिलाई नागरिकको नजिक पुऱ्याइने छ ।

## १२.उर्जा

- गाउपालिका क्षेत्रभित्र विद्युत आपुर्तिलाई नियमित र व्यवस्थित गर्न सम्बन्धीत निकाय सँग समन्वय गरी आवश्यक कार्य अघि बढाइने छ । आ.व. ०७४।०७५ मा स्टील पोल व्यवस्था प्रारम्भ गरिएको र थप चार वर्ष भित्र गाउँपालिका भित्रका सवै काठका पोलका ठाउँमा स्टील र सिमेन्टका पोलको व्यवस्था गरिने छ ।
- चार वर्ष भित्र गाउपालिका भित्रका सबै काठका पोलको ठाउमा स्टिल र सिमेन्टका पोलको व्यवस्था गरिने छ ।
- " **उज्यालो छत्रकोट"** अभियान अन्तर्गत चालु आ.व. मा केहि मन्दिरमा सोलार जडान गरि सकिएको र आगामी आ.व.मा सवै वजार क्षेत्र, स्वास्थ्य सँस्था, लगायतका अन्य महत्वपूर्ण स्थानहरुमा सौर्य सडक वत्तिको व्यवस्था गरिने छ ।
- बडिगाड खोला रिडी खोला, सिस्ने खोला, उल्ली खोला लगायतका गाउपालिका क्षेत्रमा प्रवाह हुने नदीहरुबाट जलविद्युत उत्पादनको सम्भाब्यता अध्ययन गरीने छ । जलविद्युतमा स्थानीयको लगानी गर्ने नीति लिइ सम्पूर्ण गाउपालिकावासीको आय आर्जनमा बृद्धि गरिने छ ।
- वयस्ट टु इर्नजी कनर्भजन प्लान्ट प्रविधि भित्र्याइनेछ ।

## १३.तथ्याङक अभिलेख

- जनसाङ्ख्कि, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङक, राजश्व तथा आय व्यय लगायत विविध पक्षको तथ्याङक संकलन र प्रसोधन गरी छत्रकोट गाउपालिकाको पार्श्वचित्र/श्रोत नक्सा (Profile) तयार गरिएको छ । साथै नपुग तथ्याकं अद्यावधिक गर्दै लगिने छ ।
- नविनतम प्रविधियुक्त सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी संचालन गरिने छ ।
- गाउपालिका क्षेत्रभित्र सम्पन्न भएका तथा चालू योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन गरिने छ ।
- सम्पूर्ण सरकारी कार्यालयहरुको अभिलेख प्रणालीलाई व्यवस्थित बनाइने छ ।
- गाउपालिका भित्रका ऐतिहासिक धार्मिक पुरातात्वीक महत्वका सम्पूर्ण विषयहरुको खोज गरी अभिलेखीकरण गर्दै लगिन छ ।

## १४.बजार व्यवस्थापन, आपूर्ति

- बजार अनुगमन नियमन गर्ने कार्यलाई प्रभावकारी बनाई उपभोक्ताको अधिकार सुनिश्चित गरिने छ ।
- स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति कानून बनाइ कार्यान्वयन र नियमन गरिने छ । स्थानीय उत्पादित वस्तुको प्रयोगमा प्राथमिकता दिने नीति लिइने छ ।

## १५.वन वातावरण जैविक विविधता

- वन, जङगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, खनिज पदार्थ, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी नीति कानून, मापदण्ड निर्धारण, योजना वनाइ कार्याव्वयन र नियमन गरिने छ ।
- एक वडा न्यूनतम दश पोखरीको नीति अवलम्बन गरी कार्यान्वयनमा ल्याइएको छ थप पोखरी बढाउँदै लगिने छ ।
- छत्रकोट ४ दिगाम घलाममा मौलीपोखरा ताल निर्माण कार्य प्रारम्भ गरिने छ ।
- पोखरी निर्माण संगै बर पिपल स्वामी लगाउने कार्यलाई प्रोत्साहन गरिने छ ।
- जलाधार क्षेत्र पहिचान गरि संरक्षण गरिने छ ।
- सामुदायिक वन ,धार्मीक वन ,सरकारी वन र निजि वन संरक्षण गर्ने नीति लिईने छ । वन व्यवस्थापनको दिगोपनमा ध्यान दिइनेछ ।

## १६. सहकारी

- सहकारी सँस्था सम्बन्धी स्थानीय नीति, कानून निर्माण तथा विषयक्षेत्रगत मापदण्डको निर्धारण तथा कार्यान्वयन एवं नियमन गरिने छ ।
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय सङघ सँस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ ।
- स्थानीय सहकारी सँस्थाको दर्ता, अनुमति, नविकरण, खारेजी र विघटन सम्बन्धी कानून निर्माण गरी लागु गरिने छ ।
- सहकारीका सिद्दान्तको आधारमा सहकारीलाई नियमन व्यवस्थापन गरिने छ ।
- सहकारीहरुलाई उत्पादनमूलक कार्यमा लाग्न उत्प्रेरित गरिने छ । व्यवसायकि कृषक र उद्यमी बनाउन विशेष भूमिका खेल्ने सहकारीलाई थप प्रेरित र पुरस्कृत गरिने छ ।

**१७. जेष्ठ नागरिक अपाङग असक्त व्यवस्थापन**

- जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति, असहाय, बेबारिसे र असक्त व्यक्तिहरुलाइ सहयोग र सम्मान गरिने छ । जेष्ठ नागरिक भत्ता टोल टोलमा पुऱ्याइने छ ।
- जेष्ठ नागरिकको सम्मान गर्ने कार्यक्रम लाई निरन्तरता दिइने छ ।
- अपाङग र असक्त व्यक्तिको रेकर्ड तयार गरी सहयोग र व्यवस्थापन गरिने छ ।

**१८. मानव संसाधन तथा रोजगारी**

- बेरोजगारहरुको तथ्याङक संकलन गरीने छ ।
- रोजगारीका अवसरहरु सृजना गर्दै बेरोजगारीको दरलाई न्यून गरिने छ ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीपलाई उत्पादनमूलक कार्यमा लगाई स्वरोजगारीको अवस्था सृजना गर्दै लगिने छ ।

**१९. विपद व्यवस्थापन**

- विपदको अवस्थामा तत्काल सहयोग पुऱ्याउन र दीर्घकालीन व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषको स्थापना गरिएको र यसलाई थप व्यवस्थित गर्दै लगिने छ ।
- विपदको समयमा तत्काल सहयोगको लागि विपद व्यवस्थापन समिति गठन गरिएको छ प्रत्येक वडामा १०,१० जना का दरले स्वयंसेवक आकस्मिक उद्धार गर्ने टोलीको गठन गरीएको छ यसलाई व्यवस्थित गर्दै लगिने छ ।
- उद्दार औजारको प्रवन्धको प्रारम्भ गरिएको छ । यसलाई थप गर्दै जाने नीति लिइएको छ ।
- प्रहरीलाई उद्धार औजार सामाग्री उपलब्ध गराइने छ ।

**२०. भाषा सँस्कृति कला**

- सवै समुदायको भाषा सँस्कृतिको संरक्षण कलाको विकास र विशेष गरी अल्पसंख्यामा रहेका कुमाल बोटे र मुस्लिम सँस्कृतिको संरक्षण र उत्थान गरिनेछ ।
- छत्रकोट भित्रका सरायँ नाँच, मारुनी, लाखे, देउसी, तिज गित, सोरठी ,पन्चेबाजा, भजन, किर्तन, वोटे बर्खी लगायतका संस्कृती प्रर्वधन गर्न प्रारम्भ गरिसकिएको छ, थप प्रवर्द्धनका लागि सहयोग गरिने छ ।

**२१. पर्यटन**

- धार्मिक ऐतिहाँसिक र पर्यटकीय स्थलको पहिचान गर्ने र योजना बनाई विकास गरिने छ ।
- छत्रकोट क्षेत्र लगायत गाउँपालिका भित्रका सबै पर्यटकिय स्थान ,मन्दिरहरुको ऐतिहासीकता खोजी गरि पर्यटकीय आकर्षक गाउँपालिका को रुपमा विकास गरिने छ ।
- छत्रकोटको सेरोफेरोमा साइकिल रोडको निर्माण गरिने छ ।

**२२. राजस्व**

- स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन गरिने छ।
- करको दायरालाई फराकिलो बनाइने छ।

## २३.सार्वजनिक सम्पत्ति संरक्षण

- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले सो को संरक्षण गर्नु सबैको कर्तव्य हुनेछ।
- गाउपालिकाभित्रका सार्वजनिक सम्पत्तिको अभिलेखिकरण गरी त्यसको संरक्षण गरिने छ।
- सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नेलाई सजांय र संरक्षण गर्नेलाई पुरस्कृत गरिने निती लिईने छ।

## २४.शान्ति सुरक्षा

- नेपाल प्रहरी, शसस्त्र प्रहरी लगायत सुरक्षा निकायहरुसँगको सहकार्यमा गाउपालिका क्षेत्रमा शान्ति सुरक्षा कायम गरिने छ।
- तास जुवा तथा मदिरा नियन्त्रण गर्ने नीति लिईने छ।

## २५.उद्योग

- सम्भावित साना र मझौला उद्योगहरु स्थापना गर्नको लागि उद्योगीहरुलाई प्रोत्साहन र प्रविधि सीप सहयोग तालिमको व्यवस्था गरिने छ।
- दौंघामा पर्याप्त ढुंगा भएकोले समुचित प्रयोगका लागि सम्भाव्यता अध्ययन गरिने छ।

## २६.भू-उपयोग नीति

- बैज्ञानिक र व्यवहारिक भू उपयोग नीति बनाइ लागु गरिने छ।
- उत्पादनशील बाँझो जग्गालाई उत्पादन तर्फ लैजाने कार्यक्रम ल्याइने छ।
- खर्ज्याङ खोला, रिडी खोला, बडिघाट खोला समेतका खोला क्षेत्रका जग्गाहरुको अवस्थाको पहिचान गरी व्यवस्थित परियोजना निर्माण गरि जग्गा प्रयोगमा ल्याइने छ।
- खर्ज्याङ खोला बगर जग्गा प्रयोग गरी उत्पादन बढाउनको लागि छत्रकोट गाउपालिकाका सम्बन्धित कृषक, गुल्मी दरबार गा.पा. र प्रदेश लगायत अन्य निकायसँग सहलगानीमा "खर्ज्याङ खोला जग्गा संरक्षण (उत्पादन) सहलगानी परियोजना" प्रारम्भ गरिने छ।

## २७.आवास

- चार वर्ष भित्र विपन्न वर्गका खरको छाना भएका परिवारलाई कर्कट पाता उपलब्ध गराई खरको छानामुक्त गरिने छ।
- चार वर्ष भित्र छ वटै वडाका एक एक स्थान छनोट गरी नमूना बस्ती विकास गरिने छ। साथै गाउँ कार्यपालिकाको कार्यालय रहेको स्थानलाई पनि नमूना वस्तीको रुपमा विकास गरिने छ।
- भुकम्प प्रतिरोधी भवन/घर निर्माण गर्ने नीति लागु गरिने छ। भुकम्प प्रतिरोधि घर निर्माणको लागि स्थानीय सिकर्मी डकर्मीहरुलाई तालिम दिने कार्यको निरन्तरता हुने छ।
- सुकुम्बासी, वोटे कुमाल आवास व्यवस्थापन गर्न कार्य प्रारम्भ गरिएको छ यस कार्यलाई निरन्तरता दिइने छ।

## २८.विविध

- होमस्टेको कार्य यसै वर्ष दौंघा बाट प्रारम्भ गरिने छ।
- निजि सहकारी र सरकारी साझेदारी फर्महरु संचालन गर्ने नीति लिइने छ।
- छत्रकोट गाउपालिकाको योजनावद्ध विकासको लागि Village Profile बनाइसकिएको र ४ वर्षे र २० वर्षे योजना बनाई अगाडि बढिने छ।
- गाउपालिकाको आवश्यकताको आधारमा विभिन्न आयोग, सल्लाहकार समिति गठन गरिने छ।

- छत्रकोट गाउपालिकासँग जोडिएका स्थानीय तहहरु रुरु, गुल्मी दरवार, सत्यवति, चन्द्रकोट, अर्घाखाची जिल्लाको छत्रदेव र पाणीनी पाल्पा जिल्लाको रैनादेवी गाउँपालिका सँग छिमेकी मित्रवत सम्बन्ध कायम गर्ने तथा आपसी चासोका विषयहरुमा समन्वय र सहकार्य गरी अघि बढिने छ ।
- नेपालको ७ प्रदेशका १/१ वटा गाउँ/नगर पालिकासँग मितेरी सम्बन्ध कायम गरी अनुभवको आदान प्रदान तथा भाइचाराको सम्बन्ध स्थापित गरिने छ । यस्तो सम्बन्ध अन्य स्थानीय तहसँग समेत क्रमश विकसित गर्दै लगिने छ ।
- छत्रकोटमा उत्पादित विशेष वस्तुहरुलाई संग्रहालयमा राख्ने व्यवस्था गरिनेछ ।
- कर्मचारी संरक्षण (अवकास) कोष स्थापना गरी कर्मचारीको संरक्षण गर्ने नीति लिइने छ ।
- देश वाहिरका केही ग्राम/नगर पालिका (स्थानीय तह) सँग भगिनी सम्बन्ध कायम गरी अनुभवको आदान प्रदान गर्ने तथा सद्भाव विकास गर्ने तथा सहकार्य समेत गरिने छ ।
- गाउँपालिकामा कृषि र पशु सेवाको कार्यालय भवन यसै आ. व ०७४।०७५ मा बनि सकेको छ । गाउपालिका तथा वडा कार्यालयहरुको भवनको लागि जग्गाको प्राप्ति गरी भवन निर्माण र अन्य विषयगत कार्यालयका भवन बनाउने प्रयत्नमा विशेष ध्यान दिइनेछ ।
- उल्लेखित नीतिहरु नेपालको संविधान ,संघ ,प्रदेशको कानुनसँग नबाझिने हदसम्म लागु हुनेछ ।
- आ.व ०७४।०७५ मा गरीएका कार्यमा छत्रकोटवासी र सरोकारवाला सवै पक्षले पुऱ्याएको सहयोग र ासहायताको खुलेर प्रशंसा गर्दछु ।
- आगामी दिनमा छत्रकोट वासीको सुख समृद्धिको लागि सम्बद्ध सबै पक्षबाट पूर्ण सहयोग हुने अपेक्षा र विश्वास लिएको छु ।

धन्यवाद

मधुकृष्ण पन्त
(अध्यक्ष)
छत्रकोट गा.पा., गुल्मी

मितिः २०७५।३।१०